# धन्यवाद

नेपालीहरूले रेडियोको अनुभव गर्न थालेको झण्डै ७५ वर्ष भइसकेको छ । यद्यपि नेपालमा रेडियोबारे अनुसन्धानको परम्परा राम्ररी बसिसकेको छैन । यसै सन्दर्भलाई दृष्टिगत गरी 'नेपाली समाजमा रेडियो' भन्ने बृहत् शीर्षकअन्तर्गत हामीले अध्ययन अनुसन्धान सुरू गरेका हौँ । त्यसैको फलस्वरूप तयार भएको पुस्तक हो– *रेडियोसँग हुर्कंदा: तीनपुस्ते नेपालीको अनुभव* । मार्टिन चौतारीले यसअघि रेडियोबारे *सामुदायिक रेडियो: सम्भावना र उपयोगिता* (२०५९, नेपाल प्रेस इन्स्टिच्यूटसँगको सह-प्रकाशन) र *रेडियो नेपालको सामाजिक इतिहास* (२०६१) प्रकाशन गरिसकेको छ । त्यसै गरी एफएम रेडियोबारे एउटा पुस्तक प्रकाशनको क्रममा छ ।

रेडियोबारे लेखिएका ६४ ओटा संस्मरणात्मक लेखको सँगालो हो यो पुस्तक । वर्षौंअघिका, विस्मृतिमा हराउन ठीक्क परेका घटनाहरूबारे संस्मरण लेखिदिनु, फेरि त्यसमा अन्तर्निहित विवरणको गुदीलाई सम्पादकले छिचोल्न नसकेपछि बरोबर प्रस्टयाइदिनु –लेखकका निम्ति कम्ती झञ्झटिलो थिएन यो कार्य ।

यद्यपि यस सङ्ग्रहका लेखकहरूले त्यो साहस देखाउनुभयो । लेखकहरूको त्यो जाँगर साँच्चीकै प्रशंसनीय थियो र हाम्रालागि उत्साहप्रद पनि । तसर्थ हाम्रो अनुरोधबमोजिम रेडियोबारे आफ्नो संस्मरण लेखिदिने सबै लेखकहरूप्रति हामी आभार प्रकट गर्छौं । सम्पूर्ण संस्मरण पढेर भूमिका लेखिदिने अर्को दुरुह कार्य सीके लालबाट सम्पन्न भयो । उहाँको यो गुन तिरी नसक्नुको बनेको छ। पुस्तक तयार गर्न सहायक सन्दर्भ सामग्री जुटाउन सहयोग पुऱ्याउनुहुने डा. डेभिड लडन र जेसिका मर्टनलाई हाम्रो धन्यवाद छ। हामी पुस्तकको गाता तयार पार्नुका साथै सङ्ग्रहको खण्ड विभाजनका पृष्ठमा चित्र बनाइदिने राजन काफ्ले, टाइप सेटिङ गर्ने कैलाश राई र ले-आउट गर्ने किशोर प्रधानप्रति पनि आभारी छौँ ।

संस्मरण लेख्नका लागि क-कसलाई अनुरोध गर्ने भन्ने विषयमा मार्टिन चौतारीका हाम्रा सहकर्मीहरू भास्कर गौतम, कृष्ण अधिकारी, जगन्नाथ अधिकारी, देवराज हुमागाईं र कोमल भट्टले हामीलाई सघाउनुभयो । उहाँहरूले केही लेखकसँग लेखका लागि बरोबर ताकेता पनि गरी समयमै लेख प्राप्त गर्ने तारतम्य पनि मिलाइदिनुभयो । पुस्तक प्रशोधन र प्रकाशनका विभिन्न चरणहरूमा उहाँहरू लगायत अन्य सहकर्मीहरू अनुभव अजीत, कमला थापा, शरद घिमिरे, बुद्ध श्रेष्ठ र हर्षमान महर्जनको सहयोग उल्लेख्य रह्यो ।